# कालिमाटी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ४ संख्याः १२ मितिः२०७९/०९/१७


### भाग-२

## कालिमाटी गाउँपालिका

# कालिमाटी गाउँपालिकाको बालउद्धार कोष सञ्चालन कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः२०७९/०९/१२

<u>**प्रस्तावनाः**</u> नेपालको संविधानको धारा ३९ मा रहेको बालबालिकाको हकको कार्यान्वयन गर्न कालिमाटी गाउँ कार्यपालिकाद्धारा कालिमाटी गाउँपालिकाको बालउद्धार कोष सञ्चालन कार्यविधि, २०७९ तयार पारी जारी गरेको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> १) यो कार्यविधिको नाम **कालिमाटी गाउँपालिकाको बालउद्धारकोष सञ्चालन कार्यविधि,** २०७९ रहनेछ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले पारित गरी कालिमाटी गाउँपालिकाको राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

(क) **"बालउद्धार कोष"** भन्नाले कालिमाटी गाउँपालिकाले आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धारका लागि खडा गरेको कोष सम्झनु पर्दछ ।

(ख) **"गाउँपालिका"** भन्नाले कालिमाटी गाउँपालिका लाई सम्झनु पर्नेछ ।

(ग) **"आपतकालिन अवस्थामा रहेका बालबालिका"** भन्नाले देहायका अवस्थाका बालबालिका सम्झनु पर्दछ।

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(२) हराएको वा बेवारिसे अवस्थामा फेला परेको,

(३) ऋणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको,

(४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएको,

(५) दूर्घटना भएको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले वेवारिसे भएको,

(७) यौनशोषण, यौन दुर्व्यवहार, बेच बिखन वा ओसार पसारमा परेको,

(८) हिंसाबाट प्रभावित भएको,

(९) बाबु आमा वा संरक्षकबाट बञ्चित भएको,

(१०) अपाङ्गता भएको,

(११) सुस्त मनस्थिति भएको,

(१२) अपहरण वा शरीर बन्धकमा परेको,

(१३) सडक बालबालिका,

(१४) एच.आई.भी. एड्स संक्रमित भएको,

(१५) समितिले तोकेको अन्य बालबालिका ।

(घ) **"समिति"** भन्नाले दफा ७ बमोजिमको कोष सञ्चालक समिति संम्झनु पर्दछ ।

**३. <u>बाल उद्धार कोषको स्थापना</u>:** १) आपतकालिन अवस्थामा रहेका बालबालिकालाई तत्काल उद्धार, राहत र पुनःस्थापना गर्ने

काम समेतका लागि कालिमाटी गाउँपालिकामा एक बाल उद्धार कोष रहनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

ख) कालिमाटी गाउँपालिकाको आन्तरिक स्रोतबाट छुट्याइएको रकम,

ग) विभिन्न संघ, संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,

घ) अन्य कुनै आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त रकम,

ङ) बैंक खातामा रहेको मौजदातबाट प्राप्त ब्याज रकम,

४. **कोषमा रकम जम्मा गर्ने :** बालबालिकाको क्षेत्रमा बालबालिकाको हक हितको संरक्षण तथा विपदमा परेका बालबालिकाको उद्धारको लागि गाउँ कार्यपालिकाले गाउँसभामा वार्षिक रुपमा आवश्यक रकम कोषमा जम्मा गर्न प्रस्ताव गर्नुपर्नेछ।

५. **कोषको उपयोगः** कोषमा रहेको रकम देहायको कामको लागि उपयोग गरिनेछः

(क) आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत दिन तथा पुनर्स्थापना गर्न,

(ग) समितिबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्न,

(घ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न,

(ङ) बालबालिकाको हक हित सम्बन्धमा समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः** १) कोषको रकम दफा (५) मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको कुल खर्चको पाँच प्रतिशतसम्मको रकम समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि उपयोग गर्न सकिनेछ ।

७. <u>समिति गठनः</u> १) कोषको संचालन तथा व्यबस्थापन गर्ने प्रयोजनको लागि एक कोष संचालन समिति रहनेछ ।

२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारी हुनेछन् ।

(क) गाउँपालिकाका अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ख) सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) शाखा प्रमुखहरु मध्येबाट एक जना - सदस्य

(घ) इलाका प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि - सदस्य

(ङ) बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय स्तरमा सक्रिय गैर सरकारी संस्थाहरुमध्ये अध्यक्षले तोकेको संस्थाबाट प्रतिनिधित्व हुने गरी एक जना - सदस्य

(च) गाउँपालिकास्तरीय बाल सञ्जाल समितिको अध्यक्ष - सदस्य

(छ) अध्यक्षले मनोनित गरेको कार्यपालिकाका महिला कार्यपालिका सदस्य - सदस्य

(ज) महिला बालबालिका शाखा प्रमुख सदस्य सचिव

८. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> दफा (७) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्वन्धमा कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका आपतकालिन अवस्थामा रहेका बालबालिका भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएकोसम्वन्धमा अनुगमन गर्ने,

(ङ) आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिईने रकमको मापदण्ड बनाई लागू गर्ने,

(च) आपतकालिन अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने,

(छ) आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने,

(ज) आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत दिने र पुनर्स्थापना गर्ने,

(झ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ञ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ट) समितिलाई तत्काल आवश्यक नपर्ने कोषमा रहेको रकम उपयुक्त ठाउँमा लगानी गर्ने,

(ठ) कोष बृद्धिको लागि स्रोतको खोजी गर्ने,

(ड) आपतकालीन अवस्थामा रहेका बालबालिका सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

९. समितिको बैठक र निर्णयः (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले ताकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तिमा चौबीस घण्टा अगावै समितिको सदस्य–सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय समितिको सदस्य– सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यबिधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. <u>**समितिको प्रशासनिक खर्चः**</u> समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त व्याज रकमको ५ प्रतिशत भन्दा बढी हुने छैन ।

११. <u>**कोषको रकम फ्रिज नहुनेः**</u> प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

१२. <u>**प्रतिबेदन पेश गर्नेः**</u> (१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्न सक्नेछ ।

१३. <u>**बैठक भत्ताः**</u> समितिका अध्यक्ष र सदस्यले समितिको बैठकमा भाग लिए वापत गाउँकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

१४. <u>**अभिलेख राख्नेः**</u> समितिले आफूले गरेको काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

१५. **<u>निर्देशन दिन सक्नेः</u>** (१) गाउँकार्यपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँकार्यपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१६. **<u>अधिकार प्रत्यायोजनः</u>** समितिले यस कार्यबिधि बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, सदस्य वा गाउँकार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७. **<u>कोष खारेज हुन सक्नेः</u>** (१) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा गाउँ कार्यपालिकाले कोष खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय गाउँ कार्यपालिकाको बैठकबाट हुनेछ ।

आज्ञाले,
खिम बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत